महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १७ अङ्क : ८ महिना : पौष - माघ, २०७३

## हिंसामा महिला र बालबालिका

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७३ को पौष र माघ महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका ११ वटा घटना प्रकाशित भएको छ । उक्त प्रकाशित समाचार अनुसार १७ महिला र बालबालिका पीडित भएको समाचार प्रकाशित भएको छ ।

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । घरेलु हिंसा, बलात्कार, दाइजो तथा अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् ।

महिला बालबालिकाको संरक्षण र सम्ब्रर्द्धनका लागि भनेर सरकारी तथा गैरसरकारी क्षेत्रमा समेत ठूलो लगानी भईरहेको छ । दैनिक रुपमा विविध कार्यक्रमहरु सञ्चालन भइरहे पनि महिला तथा बालबालिका माथि हुने हिंसा न्यूनिकरण हुनुको सट्टा पुनारावृति भइरहेको देखिन्छ । महिला र बालबालिका सम्बन्धी हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यममा बज्जे सन्देश र सडक नाटक, सडक छेउ वा मानिसको चहलपहल बढी हुने ठाउँमा राखिएका ठूलाठूला होर्डिङ बोर्डले पनि समाजमा सकारात्मक प्रभाव पार्न सकेको छैन ।

### हिंसामा महिला :

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ५ वटा महिला हिंसा संग सम्बन्धीत समाचार प्रकाशित भएको पाइएको छ । त्यसमध्ये २ महिलाको हत्या भएको छ । त्यसैगरी २ महिलाले आत्महत्या गरेका छन् भने १ महिला केटा पक्षले भनेजति दाईजो दिन नसकेका कारण विवाह रोकिएको समाचार प्रकाशित भएको छ ।

,




**हिंसामा बालबालिका :**

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना १२ वटा पहिचान गरेका छन् । त्यसमध्ये ४ बालबालिका बालिकाको हत्या भएको छ । ४ बालबालिका मध्ये एक बालिकाको बलात्कार पिछि हत्या भएको समाचारमा उल्लेख छ । ३ बालबालिका आफ्नै परिवारका सदस्यबाट हत्या प्रयास भएको घटना पनि प्रकाशित भएको छ । ५ बालबालिका परिवारका सदस्य ज्यान मुद्दामा जेल परेका कारण आमा संगै जेलमा बन्दी जीवन विताइरहेको समचार पनि प्रकाशित भएको छ ।



**क्षेत्रगत आधारमा :**

हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पौष र माघ महिनामा पूर्वाञ्चल ३, मध्यमाञ्चल ४, पश्चिमाञ्चल १, मध्य-पश्चिमाञ्चल २ र सुदूर-पश्चिमाञ्चलमा १ रहेको देखिन्छ ।




## सञ्चार माध्यममा सूचनाको हक

काठमाडौं, माघ १९ गते सूचना तथा सञ्चारमन्त्री सुरेन्द्रकुमार कार्कीले नेपाली सञ्चारमाध्यमले समाजलाई प्रोत्साहित हुनेखालको समाचार प्रस्तुत गर्न आवश्यक रहेको बताउनुभएको छ । राष्ट्रिय सूचना आयोग, प्रेस काउन्सिल नेपाल र मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को संयुक्त आयोजनामा आयोजित कार्यक्रममा बोल्दै मन्त्री कार्कीले सञ्चारमाध्यममा सकारात्मकभन्दा नकारात्मक समाचार बढी सम्प्रेषित भइरहेको गुनासो गर्नुभयो ।




केही सञ्चारमाध्यमले आफूलाई समेत घूस खाएको भनी समाचार प्रसारण गरेकोमा दुःख व्यक्त गर्दै उहाँले पुष्टि नै नहुने खालका समाचारको पछि नलाग्न आग्रह गर्नुभयो । मन्त्री कार्कीले भ्रमपूर्ण समाचार दिएर समाजलाई हामी कता लाँदैछौ ? भन्ने जिज्ञासा राख्दै समाजलाई सशङ्कित, त्रसित र भ्रमित गर्ने खालको समाचार नदिऊँ, मिडियाको त्यो काम होइन भन्नुभयो ।

सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले आयोगले गरेको प्रयास अनुसार केही सफलताको पक्ष हात लागे पनि अझै धेरै असफलताको कथा समाजमा बाँकी रहेको बताउनुभयो । प्रेस काउन्सिलका अध्यक्ष बोर्णबहादुर कार्कीले काउन्सिल नियामक निकायको भूमिकामा काम सक्रियपूर्वक गरे पनि विज्ञापनमा विकृति कायमै रहेको बताउनु भयो ।

कार्यक्रममा इह्रिकनको तर्फबाट अध्यक्ष अमृता लम्सार र कार्यकारी निर्देशक कपिल काफ्लले बेग्ला बेग्लै कार्यत्रपत्र प्रस्तुत गर्नुभएको थियो ।

**इह्रिकन, राष्ट्रिय सूचना आयोग र प्रेसकाउन्सिल नेपालको संयुक्त आयोजनामा आयोजित छैठौं अतरर्क्रिया कार्यक्रमको झलक :** *उक्त कार्यक्रममा सूचना तथा सञ्चार मन्त्री सुरेन्द्र कुमार कार्की (राम कार्की) को प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।*








थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१- ५५४४२०५, ५२६१९०४ मा सम्पर्क गर्न अनुरोध छ ।